२०७९ असार २३ गते तदनुसार (July 7, 2022) बिहीवारका बैठकमा पेश भएका कार्यसूचीहरु :

१. सहकारी अनुदान तथा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।
२. गाउँपालिका प्रवक्ता तोक्ने सम्बन्धमा ।
३. उर्जा विकास उप समिति गठन सम्बन्धमा ।
४. न्यायिक समिति सदस्य पदपूर्ति सम्बन्धमा ।
५. विषयगत समितिका सदस्य-सचिव तोक्ने सम्बन्धमा ।
६. गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्बन्धमा ।
७. सडक बोर्ड नेपालको लागि योजना छनौट गर्ने सम्बन्धमा ।
८. नियमित कार्यपालिका बैठक सम्बन्धमा ।

प्रमाणीकरण मिति
२०७९।३।२३

२०७९ साल असार १४ गते मंगलवारका बैठकका निर्णयहरु:

निर्णय नं.१: सहकारी उद्यम व्यवसायको विकास र विस्तारको लागि स्थानीय सरकारबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, सहकारी ऐन, २०७४, मानेभन्ज्याङ गाउँपालिकाको सहकारी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"मानेभन्ज्याङ गाउँपालिकाको सहकारी संघ संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०७९"** लाई आजको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं.२. यस गाउँपालिकाको कार्यपालिकाले आफूले सम्पादन गरेका कार्य वा निर्णयहरु, कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ति आदी जानकारीमा ल्याउन कुनै सदस्यलाई प्रवक्ता तोक्ने व्यवस्था मानेभञ्ज्याङ्ग गाउँपालिकाको गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को दफा १७ ले व्यवस्था गरे अनुसार आजको कार्यपालिका बैठकबाट वडा नं. ८ का वडाध्यक्ष श्री भीम बहादुर बलम्पाकी मगरलाई यस गाउँपालिकाको प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३. मानेभन्ज्याङ गाउँपालिकाको उर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधिको परिच्छेद-२ को उप-समितिको गठन तथा पदावधि सम्बन्धी व्यवस्था भए बमोजिम आजको कार्यपालिका बैठकबाट यस गाउँपालिकाको तपसिल अनुसारको उर्जा विकास उप-समिति गठन गर्ने निर्णय गरियो । तपसिल:

- संयोजक – श्री भीम बहादुर बलम्पाकी मगर, वडा नं. ८ वडाध्यक्ष
- सदस्य – श्री शान्ति सार्की, गाउँसभा सदस्य
- सदस्य – श्री जितेन्द्र राई, वडा नं. ३ वडाध्यक्ष
- सदस्य- श्री विमला के.शी., कार्यपालिका सदस्य
- सदस्य- श्री कृष्ण कुमारी राई, कार्यपालिका सदस्य
- सदस्य- श्री विष्णु बहादुर तामाङ, वडा नं.४ वडाध्यक्ष
- सदस्य-सचिव- श्री राजकुमार थापा, सब-इन्जिनियर

साथै सोही व्यवस्था बमोजिम समितिको संरक्षक उपाध्यक्ष श्री आथाचन राई, पूर्वाधार विकास समितिको संयोजक श्री हेमराज राई र प्रमुख प्रशासकीय अधिकृत सल्लाहकारमा रहने पनि निर्णय गरियो ।

प्रमाणित गर्ने

निर्णय नं.४: मानेभन्ज्याङ गाउँपालिकाको न्यायिक समितिको गठन मिति २०७९ साल जेठ १७ गतेको कार्यपालिका बैठकबाट गरिएकोमा हाल समितिको सदस्य श्री राजाबाबु किँराती जिल्ला समन्वय समितिको सदस्यमा निर्वाचित भइ जानु भएको हुँदा उक्त रिक्त रहेको सदस्य पदमा आजको कार्यपालिका बैठकबाट वडा नं. ५ का वडा सदस्य तथा गाउँसभा सदस्य श्री दिपकराज पोखरेल लाई पदपूर्ती गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.५: मानेभन्ज्याङ गाउँपालिकाको मिति २०७९ साल जेठ १७ मा बसेको कार्यपालिका बैठकबाट विभिन्न विषयगत समितिहरु गठन भएको तर समितिको सदस्य सचिव नतोकिएकोले कार्य सम्पादनमा असहज भएको हुँदा आजको कार्यपालिका बैठकबाट समितिको सदस्य सचिवको जिम्मेवारी तपसिलका कर्मचारीहरुलाई तोक्ने निर्णय गरियो । **तपसिल:**

१. सार्वजनिक सेवा तथा क्षमता विकास समिति : सदस्य सचिव श्री दिलिप कुमार मगर (अधिकृत छैटौं, प्रशासन)
२. आर्थिक विकास समिति : सदस्य सचिव श्री भोग बहादुर राई (लेखा अधिकृत)
३. सामाजिक विकास समिति : सदस्य सचिव श्री भरत खतिवडा (शिक्षा शाखा प्रमुख)
४. पूर्वाधार विकास समिति : सदस्य सचिव श्री जयता माया राई (योजना शाखा प्रमुख)
५. वातावरण तथा विपद् व्यवस्थापन समिति : सदस्य सचिव श्री राजकुमार थापा (विपद फोकल पर्सन )
६. विधायक समिति : सदस्य सचिव श्री रिद्धिरमण घिमिरे (न्यायिक समिति तथा रोजगार संयोजक)

निर्णय नं.६: मानेभन्ज्याङ गाउँपालिकाको सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ६.२ अनुसार अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्ने व्यवस्था भए बमोजिम यस मानेभन्ज्याङ गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति तपसिल अनुसार गठन गर्ने निर्णय गरियो ।

(क) उपाध्यक्ष श्री आश्चाचन राई — -संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य

श्री रामकुमार राई, वडा नं. ५ को वडाध्यक्ष — -सदस्य

श्री विमला के.शी. कार्यपालिका सदस्य — - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — -सदस्य

(घ) प्रमुख योजना शाखा श्री जयता माया राई — -सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

प्रमाणीकरण

निर्णय नं.७: सडक वोर्ड नेपालबाट आ.व.२०७८/७९ को लागि स्थानीय सडक मर्मत सम्भार कार्यको लागि स्थानीय तहबाट योजना छनौट गरी पठाउन भनी सडक मर्मतको लागि योजना माग भइ आएको हुँदा यस मानेभन्ज्याङ गाउँपालिकाको आजको कार्यपालिका बैठकबाट **"माली वाक्सा हुँदै केत्तुंक बाँद्ध डाँडासम्मको सडक मर्मत"** गर्ने भनि निंर्णय गरी सडक वोर्ड नेपाललाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.८: मानेभन्ज्याङ गाउँपालिकाको, गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ५ गते र २६ गते बस्ने सर्व सम्मत निर्णय गरियो ।अन्य बैठक आवश्यकता अनुसार बस्ने साथै बैठकको सूचना Sparrow SMS बाट वा फोनबाट जानकारी हुने पनि निर्णय गरियो ।

प्रमाणीकरण

[illegible]